अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग २ सँग सम्बन्धित)

जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः९ | संख्याः ३ | मितिः२०८२|०४|२५ |

भाग-२

## जैमिनी नगरपालिका पशुपन्छीको कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८२

## जैमिनी नगरपालिका

# कृषि एम्बुलेन्स सेवा संञ्चालन कार्यविधि, २०८२

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०८२|०४|२५ गते**

**प्रस्तावनाः** जैमिनी नगरपालिकाका कृषकहरुले उत्पादन गरेको कृषि उत्पादन वृद्धि गर्न, कृषि उपजहरुलाई सहज ढुवानीको पहुँच पुऱ्याई उत्पादनोपरान्त हुने क्षति न्युनिकरण गर्ने र कृषकका उत्पादनलाई सहजै बिक्री गर्ने वातावरण बनाई कृषकलाई उत्पेरित गर्ने उदेश्यले कृषि एम्बुलेन्स सेवा व्यवस्थित तरिकाले सञ्चालन गर्न वाञ्छनिय भएकोले, स्थानिय सरकार संञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी जैमिनी नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषि एम्बुलेन्स सेवा संञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आवेदक" भन्नाले कृषि एम्बुलेन्स मार्फत कृषि उपज खरिद बिक्रि गर्नका लागी नगरपालिकाको कृषि विकास शाखामा आवेदन दिएका संकलन केन्द्र, कृषक समुह, शहकारी, कृषक र किसान बजारलाई सम्झनुपर्दछ।

(ख) "कृषक समुह" भन्नाले व्यवसायिक कृषि प्रणालि अवलम्वन गर्ने उदेश्यका लागि ९ देखि २५ जना कृषक भेला भइ समूह गठन गरि जैमिनी नगरपालिका कृषि विकास शाखामा दर्ता भएका समुहलाई सम्झनुपर्छ।

(ग) "सहकारी" भन्नाले प्रचलित सहकारी ऐन बमोजिम दर्ता भएको संघ सस्था सम्झनुपर्छ।

(घ) "कृषि उपज" भन्नाले बजारिकरणको उदेश्य राखी गरीएको कुनै पनि किसिमको कृषि/ पशु/मौरिजन्य उत्पादन तथा औधोगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा वस्तु समेतलाई सम्झनुपर्दछ।

(ङ) "कृषि एम्बुलेन्स" भन्नाले नगरपालिका कृषि शाखाले संञ्चानल गर्ने कृषि उपज ढुवानी गर्ने सवारी साधनलाई सम्झनुपर्छ।

(च) "कृषि बिकास शाखा" भन्नाले जैमिनी नगरपालिका अन्तर्गतको कृषि शाखा वा ईकाई सम्झनुपर्छ।

(छ) "खुद्रा" भन्नाले उपभोक्ताहरुको लागि फुटकर रुपमा बिक्री गर्ने परिमाणलाई सम्झनु पर्दछ।

(ज) "चालक" भन्नाले कृषि एम्बुलेन्स चलाउने ब्यक्तिलाई सम्झनु पर्दछ |

(झ) "ज्यामी/भरिया" भन्नाले कृषि एम्बुलेन्समा कृषि उपज खरिद बिक्रि लोड/अनलोड वा सरसफाई गर्ने ब्यक्तिलाई सम्झनुपर्छ।

(ञ) "साझेदार संस्था" भन्नाले कृषि एम्बुलेन्स सेवा सञ्चालनका लागि प्रस्ताव पेश गर्ने संस्थाहरु मध्यबाट छनौट भई कृषि एम्बुलेन्स सेवा सञ्चालनका लागि सम्झौता भएको संस्थालाई सम्झनुपर्छ।

(ट) "नगरपालिका" भन्नाले जैमिनी नगरपालिकालाई सम्झनुपर्छ।

३. **कार्यविधिको उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) कृषि, पशुपक्षिं, मत्स्य तथा मौरिजन्य उत्पादनलाई सहज हुनेगरि छिटोछरितो रुपमा ढुवानीको व्यवस्था गर्ने।

(ख) कृषकहरुको उत्पादित कृषि उपजहरुको बजार तथा प्रशोधन स्थल सम्म पुर्याउदा हुने नोक्सानी बाट जोगाउन सहयोग पुर्याउने।

(ग) कृषि उपजको उत्पादनोपरान्त हुने क्षती न्युनिकरण गरि उपभोक्ता सम्म स्वास्थ्य, ताजा र गुणस्तरिय उत्पादन पुर्याउने।

(घ) सहजै यातायातको उपलब्ध नहुने र कृषि उपज ढुवानीमा कठिनाई भएका नगरक्षेत्र भित्रका स्थानहरुमा प्राथमिकता दिइ सहज ढुवानिको ब्यवस्था पुर्याउने।

## परिच्छेद -२

## सेवा सञ्चालन विधी

कृषि एम्बुलेन्स सेवाले जैमिनी नगरपालिका भित्रका सम्पुर्ण वडालाई समेटनेछ।सेवाको सञ्चालन तिन विधी मध्य कुनै एक विधीबाट गर्न सकिनेछ।प्राथामिकताका आधारमा संचालन विधी छनौट गरिनेछ।एक विधीबाट संचालन गर्दा सन्तोषजनक रुपमा संचालन ब्यवस्थापन हुन नसकेमा अर्को विधी संचालनका लागि छनौट गर्न सकिनेछ।

**४. कृषि सहकारी/कृषि समुह/कृषि फर्म/समितिद्वारा संचालन गर्ने विधीः**

**(१) प्रस्ताव माग गर्ने** :

(क) कृषि एम्बुलेन्स सेवा सञ्चालनको लागि जैमिनी नगरपालिकाले स्थानीय पत्रिका, रेडियो, एफ.एम. तथा अनलाइन पत्रिका मार्फत कृषि एम्बुलेन्स सेवा सञ्चालनका लागि १५ दिने म्याद दिई प्रस्ताव आह्वान गरी कृषि सहकारी/कृषक समूह/छाता संगठन/कृषि फर्म/कम्पनी/ व्यक्तिहरुको लागि अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ। उक्त सूचना नगरपालिकाको कार्यलयको वेबसाइट, सूचनापाटीमा पनि टाँस गर्नुपर्नेछ। प्रथम पटकको सुचनामा कुनै पनि आवेदकले निवेदन नदिएमा दोश्रो र तेश्रो पटक सुचना प्रकासनका लागि ७ दिने म्याद दिई प्रस्ताव आवहान गर्न सकिनेछ।

(ख) दफा (४) को उपदफा (१) (क) बमोजिम सूचना प्रकाशन पश्चात आवेदकले अनुसूची-२ बमोजिमको निवेदन साथ देहायबमोजिम कागजातहरु पेश गर्नु पर्नेछ।

(अ) माग निवेदनको साथ कृषि सहकारी/कृषक समूह/ कृषि फर्म/ कम्पनीको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ताको प्रतिलिपि र व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि।

(आ) सम्बन्धित वडा कार्यलयले सेवा सञ्चालनका लागि उपयुक्त रहेको व्यहोरा लेखिएको सिफारिश पत्र।

(इ) समूह, सहकारीको हकमा कार्यसमितिको बैठकले कृषि एम्बुलेन्स सञ्चालन सेवा माग गर्नको लागि गरेको निर्णय र सञ्चालक समितिको नागरिकताको प्रतिलिपी।

(ई) कृषि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवेदक वा निजको प्रतिवद्धता पत्र।

**(२) मूल्याङ्कनः**

(क) नगरपालिका कृषि शाखाले प्रस्ताव अध्ययन गरि कृषि एम्बुलेन्स सेवा कार्यान्वयन, व्यवस्थापन र मूल्याङ्कन समितिमा पेश गर्नेछ। समितिको बैठकबाट स्वीकृत भएका प्रस्तावहरुको जानकारी सम्बन्धित आवेदकलाई गराईनेछ।

(ख) स्वीकृत प्रस्तावकसंग अनुसुचि ३ बमोजिमको ढांचामा सम्झौता गरि कार्यान्वयन गर्नुपर्नेछ।

(३) कृषि एम्बुलेन्स भाडादर संझौता सम्बन्धी ब्यवस्थाः

नगरपालिकाले खरिद गरेको कृषि एम्बुलेन्स भाडामा सम्झौता गरि कृषि एम्बुलेन्स सेवा कार्यान्वयन, व्यवस्थापन गर्ने कृषि सहकारी/कृषक समूह/कृषि फर्म/कम्पनीले मासिक भाडादर रु ५०,००० (अक्षरुपि पचास हजार मात्र) तिर्नुपर्नेछ। चालक ईन्धन र मर्मत सोहि समुह सहकारी वा फर्मबाट हुने गरि ब्यवस्थापन गर्नुपर्नेछ। मासिक भाडादर कार्यपालिकाबाट आवस्यकता अनुसार संसोधन स्वीकृत गरि कार्यान्वयन गर्नसक्नेछ।

**५. रिजर्भ/बुकिङ/भाडादर निर्धारणद्वारा संचालन गर्ने विधी**

(१) जैमिनी नगरपालिकाभित्रका नागरिकलाई आफ्नो उत्पादन कुनै पनि बजारसम्म लैजानको लागि एक्लै वा सामुहिक रुपमा कृषि एम्बुलेन्सको प्रयोग गर्नु परेमा सम्बन्धित वडामा रहेको सम्पर्क समिति मार्फत नगरपालिकाको **कृषि एम्बुलेन्स सेवा कार्यान्वयन, व्यवस्थापन र मूल्याङ्कन समितिलाई** जानकारी गराई वा नगरपालिका कृषि एम्बुलेन्स सम्पर्क ब्यक्ति मार्फत सोझै बुकिङ गर्न सकिनेछ। बुकिङ रसिद अनुसूची ४ मा व्यवस्था भए बमोजिम हुनेछ।

(२) नगरपालिकामा राजश्व शाखा प्रमुख र वडा कार्यालयहरूमा वडा सचिवले बुकिङ अधिकारीको कार्य गर्नेछन्।

(३) कृषि एम्बुलेन्स बुकिङ गर्ने धनीले ढुवानी गर्नु भन्दा कम्तीमा ५ दिन अगावै बुकिङ गरी सक्नु पर्नेछ।

(४) एम्बुलेन्स मार्फत ढुवानी गराउदा एक पटकमा बढिमा १२०० के.जी सम्म ढुवानि गराउन सकिनेछ।

(५) यस विधीबाट कृषि एम्बुलेन्स संचालन गर्दा एक जना हल्का सवारी चालक, एक जना ज्यामी/सहयोगि, ईन्धन तथा मर्मत संम्भार खर्चको ब्यवस्थापन जैमिनी नगरपालिकाले गर्नेछ।

(६) कृषि एम्बुलेन्स भाडादर सम्बन्धी ब्यवस्थाः नगरपालिकाले संचालन गरेको कृषि एम्बुलेन्स प्रयोग गर्दा तिर्नुपर्ने भाडादर अनुसुचि-५ बमोजिमको ढांचामा भरिएको विवरण कृषि एम्बुलेन्स सेवा कार्यान्वयन, व्यवस्थापन र मूल्याङ्कन समितिको निर्णयबाट स्वीकृत गरि कार्यान्वयन गर्नसक्नेछ।

**६. नगरपालिकाद्वारा पुर्ण ब्यवस्थापनमा संचालन गर्ने विधीः**

जैमिनी नगरपालिकाद्वारा नगरक्षेत्रभित्र उत्पादित कृषि उपज उत्पादन सहज ढुवानी गर्न उत्पादक र उपभोक्तालाई संकलन केन्द्रमार्फत संकलन र बिक्रि केन्द्रमार्फत विक्रिवितरण ब्यवस्थापन गर्न सक्नेछ।

**(१) कृषि उपज संकलन सम्बन्धी व्यवस्थाः**

(क) कृषक/समुह/सहकारी/संकलन केन्द्र संग समन्वय गरि संकलन केन्द्रमा संकलित कृषि उपज खरिद गर्न सकिनेछ।

(ख) संकलन हुने कृषि उपज नगरपालिकाले तोकेको मापदन्ड अनुसार हुनेछ, कम गुणस्तर र अनुपयुक्त भएमा खरिदका लागि बाध्य हुने छैन।

(ग) संकलन केन्द्रमा कृषि उपज ल्याउनेको विवरण, गुणस्तरको जिम्मेवारी सम्बन्धित संस्थाको हुनेछ ।संकलन कर्तालाई तथा खरिद कर्तालाई बिल उपलब्ध गराउनुपर्नेछ।

(घ) कृषि उपजको संकलन, तोकिएको क्षेत्र, दिन वा संकलन गर्नयोग्य उत्पादनको परिमाण अनुसार हुनेछ।

(ङ) खरिद गरिएका कृषि उपजहरुलाई नगरपालिकाले बिभिन्न बजार केन्द्रसम्म पुर्ण ब्यवस्थापनमा ढुवानी गर्नेछ।

(च) नगरपालिकाले संकलन गरेका कृषि उपज भन्डारण गर्नु परेमा नगरपालिकाले भन्डारणको ब्यवस्थापन गर्नेछ।

**(२) कृषि एम्बुलेन्स मार्फत बिक्रीको लागि संकलित कृषि उपज बिक्री वितरण सम्बन्धी व्यवस्थाः**

(क) कृषि एम्बुलेन्स मार्फत संकलित कृषि उपज सोझै उपभोक्तालाई वा उपभोक्तालाई विक्रि वितरण गर्ने किसान बजार, साझेदार बजार आदिलाई उपलब्ध गराउनुपर्नेछ।

(ख) संकलित उत्पादन वितरणको लागि अनलाइन मार्फत वा घरायसी प्रयोजनको लागि माग गर्ने ब्यक्ति/समुह वा संस्थालाई पहिलो प्राथमिकता दिनुपर्नेछ।

**(३) कृषि एम्बुलेन्स भाडादर सम्बन्धी ब्यवस्थाः** नगरपालिकाले संचालन गरेको कृषि एम्बुलेन्स प्रयोग गर्दा तिर्नुपर्ने भाडादर अनुसुचि-५ बमोजिमको ढांचामा भरिएको विवरण कृषि एम्बुलेन्स सेवा कार्यान्वियन, व्यवस्थापन र मूल्याङ्कन समितिको निर्णयबाट स्वीकृत गरि कार्यान्वयन गर्नसकिनेछ।

**(४) क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः**

(क) कृषि एम्बुलेन्स मार्फत ढुवानि गर्दा खरिद भएका कृषि उपजहरु असहज परिस्थिति आई सड्ने गल्ने गरि बिग्रिएमा सो को क्षतिपूर्तिको नगरपालिकाबाट हुनेछ।

(ख) उपदफा ३ (क) बमोजिमको क्षतिपूर्ति निर्धारण गर्दा एम्बुलेन्स व्यवस्थापन हेर्ने कृषि विकास शाखाको कृषि प्राविधिक, कृषि एम्बुलेन्स चालक, कृषि एम्बुलेन्समा कृषि उपज लोड अनलोड गर्ने भरिया/ज्यामी र सम्बन्धीत कृषि सामाग्री खरिद गरिएको संकलन केन्द्रको कम्तिमा एकजना कृषकको सहभागितामा वास्तविक क्षतिमुल्य निर्धारणको मुचुल्का तयार गर्नुपर्नेछ।

(ग) उपदफा ३ (ख) बमोजिम क्षतिमुल्य निर्धारण गर्दा १० प्रतिशत भन्दा बढी क्षति भएमा मात्र क्षतिपूर्ति वापतको रकम भुक्तानी गरिनेछ। कृषि एम्बुलेन्स चालक, कृषि एम्बुलेन्समा कृषि उपज लोड अनलोड गर्ने भरिया/ज्यामी को लापरबाहीका कारण एम्बुलेन्स, कृषि उपज लगाएतका सामाग्री क्षति भएमा चालक र भरिया/ज्यामी संग उपदफा २ बमोजिम वास्तविक क्षतिमुल्य निर्धारणको मुचुल्का तयार गरि असुल उपर गर्नु पर्ने छ।

**(५) अभिलेखिकरण, अनुगमन, मुल्यांकनः**

(क) जैमिनी नगरपालिका सो अन्तर्गत आर्थिक बिकाश समिति र कृषि विकास शाखाले कृषि एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी कार्यको आवश्यकता अनुसार अभिलेखिकरण,अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ। कृषि एम्बुलेन्समार्फत ढुवानि गर्ने कृषि उपज विवरण परिमाण, संकलन गरि बिक्रि गरिने स्थानसम्मको दुरि समेत खुल्ने गरि सोको लगत, लगबुक रेकर्ड स्पस्ट राख्नुपर्दछ ।

(ख) अभिलेखिकरण तथा कृषि एम्बुलेन्स ब्यवस्थापनका लागि सुचना प्रविधी तथा सफ्टवयरको प्रयोग गर्न सकिनेछ।

## परिच्छेद- ३

## संस्थागत व्यवस्था

**७. सेवा कार्यान्वयन, व्यवस्थापन र मूल्याङ्कन समितिको गठन :**

(१) सेवा कार्यान्वयन, व्यवस्थापन र मूल्याङ्कन समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) आर्थिक विकास समितिका संयोजक - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) योजना शाखा प्रमुख - सदस्य

(घ) पशु विकास शाखा प्रमुख - सदस्य

(ङ) कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

**मुख्य सल्लाहकार**

(क) नगर प्रमुख

(ख) नगर उपप्रमुख

**८. सेवा कार्यान्वयन, व्यवस्थापन र मूल्याङकन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

(१) आवश्यकता अनुसार सेवा सञ्चालन र सञ्चालक समितिको गतिविधिको अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने।

(२) सेवा सञ्चालनको क्रममा सञ्चालकले उत्पादक सँग खरिद गरिएको मूल्य र उपोभोक्तासँग गरेको बिक्री मूल्यको निगरानी राख्ने, अनुचित मूल्यमा कारोबार गरेमा समितिले तोके बमोजिम कारवाही गर्ने,

(३) प्रस्ताव मूल्याङकनका आधार परिमार्जन गर्न आवश्यक देखिएमा विस्तृतीकरण गरी अनुमोदन गर्ने।

(४) परिच्छेद १ को दफा ३ मा उल्लेख भएका उदेश्य बाहेकका प्रयोजनका लागि प्रयोग गरेमा सेवा सञ्चालनको लागि भएको सम्झौता खारेज गर्न कार्यपालिका बैठकमा सिफारिस गर्ने ।

(५) विभीन्न स्थान विशेष कृषि उपज मालबस्तु आयातन/परिमाण(के.जि)का आधारमा ढुवानी भाडादेर सिफारिस गर्ने ।

(६) आकस्मिक रुपमा एम्बुलेन्स प्रयोग विधी छनौट गर्नुपरेमा सिफारिस गर्ने ।

(७) कृषि एम्बुलेन्स संचालनका क्रममा आकस्मिक आईपरेका समस्या, व्यवधान समाधानका लागि आव्शयक सुझाव, निर्देशन सहजिकरण गर्ने ।

(८) आवश्यक परेको खण्डमा सञ्चालक समितिको काम र कर्तव्य हेरफेर गर्ने।

(९) सञ्चालक समितिबाट त्रैमासिक रुपमा कृषि विकास शाखामा पेश भई आएका प्रतिवेदन उपर छलफल गरी आवश्यक सल्लाह सुझाव दिने।

**९. सञ्चालक समितिः** छनौट भएका प्रस्तावकले कृषि सहकारी, कृषक समुहका पदाधीकारी वा ब्यवसायि कृषक मध्यबाट घटिमा ३ बढीमा ५ जनाको सञ्चालक समिति गठन गर्नुपर्नेछ।

**(१) सञ्चालक समितिको काम र कर्तव्य :**

(क) कृषक र उपोभोक्ताको हितको लागि जिम्मेवारीपूर्ण भई कार्य गर्ने।

(ख) सेवा सञ्चालनका लागि आवश्यक पर्ने चालक, सहचालक, इन्धन, चालक/सहचालकको सेवा सुविधा लगायत आवश्यक सम्पूर्ण स्रोत साधनहरुको व्यवस्था गर्ने।

(ग) उत्पादित वस्तुको संकलनको लागि कृषक, संकलन केन्द्र, कृषि फर्म वा उत्पादकहरु सँग समन्वय सम्पर्क राख्ने।

(घ) सङ्कलित उपजहरुको व्यापारका लागि व्यक्ति, संघ संस्था, कम्पनी वा व्यपारीहरुसँग समन्वय सम्पर्क राख्ने।

(ङ) व्यवस्थित सेवा सञ्चालनका लागि नगरपालिका, कृषि विकास शाखा, पशुपन्छी तथा मत्स्य विकास शाखा र वडा कार्यालयहरु सँग नियमित समन्वयमा रहने।

(च) दैनिक रुपमा ढुवानी साधनको धुलाइ, सरसफाई गरी सफा राख्ने वा राख्न लगाउने।

(छ) ढुवानी साधनको काम नभएको अवस्थामा सुरक्षित स्थानमा पार्किङ्गको व्यवस्था गर्ने।

(ज) ढुवानी साधनको व्लू बुक, नवीकरण, विमा, मर्मत र सरकारी करहरु नियमितरुपमा तिर्ने।

(झ) एम्बुलेन्स सेवा सञ्चालनका क्रममा भइ आएका आम्दानी तथा खर्च विवरण विल भरपाईका साथ सेवा कार्यान्वयन, व्यवस्थापन र मूल्याङ्कन समितिमा त्रैमासिक/वार्षिक रुपमा प्रगति प्रतिवेदन सहित प्रस्तुत गर्ने।

(ञ) कृषि एम्बुलेन्स सञ्चालनको क्रममा भई आएका आम्दानी तथा खर्च बिवरण विल भरपाई र सम्पूर्ण गतिविधिहरुको प्रतिवेदन त्रैमासिक रुपमा कृषि विकास शाखामा पेश गर्नुपर्ने।

(ट) छनौट भएको समितिले आफू बाहेक अन्य व्यक्ति/फर्म/कम्पनी आदिलाई सवारी साधन सञ्चालनका लागि जिम्मा दिन पाउने छैन।

**१०. वडा सम्पर्क समिति सम्बन्धी व्यवस्थाः** कृषि एम्बुलेन्स सञ्चालनमा सहकार्य तथा समन्वय गर्न देहाय दमोजिमको हरेक वडामा एक सम्पर्क समिति रहनेछ।

(क) वडा अध्यक्षः संयोजक

(ख) सम्बन्धित वडाको कृषि प्राविधिक (नभएको खण्डमा पशु प्राविधिक) सदस्य

(ग) सम्बन्धित वडा भित्रका दर्ता भएका कृषि, पशुपंक्षी तथा एकिकृत फर्म संचालन गर्ने कृषक समूह वा व्यक्तिहरूमध्ये वडा अध्यक्षले मनोनित गरेको १ जना महिला सदस्य

**११. जनशक्ति सम्बन्धी व्यवस्थाः**

(१) कृषि एम्बुलेन्स संचालनका लागि नगरपालिकाबाट एक जना सम्पर्क प्राविधिक, एक जना हलुका सवारी चालक र एक जना ज्यामी/भरियाको व्यवस्था गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सवारी चालकको लागि प्रचलित कानूनबमोजिमको योग्यता हासिल गरेको हुनुपर्नेछ। ज्यामी/भरियाको हकमा कार्य प्रकृतिको आधारमा योग्य र सक्षम ज्यामी/भरिया व्यवस्था गरिनेछ।

(३) उपदफा (१) बमोजिम व्यवस्था गरिएका ज्यामिलाई दैनिक ज्यालादारिमा, र हल्का सवारि चालकलाई करार सेवामा भर्ना गरी सरकारी दर रेट अनुसारको पारिश्रमिक भुक्तानी गरिनेछ। लामो दुरिको (१०० किमि भन्दा माथी) बाटोमा सामान ढुवानि गर्दा एक पटक बराबर दैनिक भत्ता रु ५०० (अक्षरुपि रु पाँच सय मात्र) प्रतिदिनका दरले उपलब्ध गराउन सकिनेछ।

(४) कृषि एम्बुलेन्स सञ्चालन सम्पर्क प्राविधिकको काम, कर्तव्य र अधिकारः कृषि एम्बुलेन्स सञ्चालन सम्पर्क प्राविधिकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संकलन केन्द्र, कृषक समूह, सहकारी, फर्म, वडा कार्यालय, वडा सम्पर्क समिति, टोल बिकाश समिति संग समन्वय गरि कृषि उपज खरिद बिक्रि वितरणको ब्यबस्थापन गर्ने,

(ख) कृषि एम्बुलेन्स मार्फत खरिद बिक्रि गरिएको कृषि उपजको तथ्यांक एम्बुलेन्स चालक तथा ज्यामी/भरिया संग माग गरि राख्ने,

(ग) कृषि एम्बुलेन्स लाइ आबश्यकता अनुसार कृषि उपज खरिद बिक्रीका लागि खटाउने।

(५) एम्बुलेन्स चालक तथा ज्यामी/भरिया कर्मचारीको काम, कर्तव्य र अधिकारः एम्बुलेन्स चालक तथा ज्यामी/भरिया कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आर्थिक पार्दर्शिता ईमान्दार, असल चरित्र प्रदर्शन गरि तथा पुर्ण जिम्मेवारी भई कृषि शाखा तथा कृषि एम्बुलेन्स सञ्चालन सम्पर्क प्राविधिक वा सञ्चालक समितिको निर्देशन अनुसार जुनसुकै समयमा पनि कृषि उपजको खरिद बिक्रि लोड अनलोड तथा ब्यस्थापन गर्नुपर्ने छ।

(ख) मासिक रुपमा नगरपालिका तथा कृषि शाखाले माग गर्दा जुनसुकै बेला ढुवानी साधनको स्थिति तथा कारोवारको प्रगति विवरण लिखित तथा डिजिटल माध्यम बाट उपलब्ध गराउनु पर्ने छ।

(ग) ढुवानी साधनको विमा विलवुक नविकरण समयमै ब्यबस्थापन गर्ने।

(घ) कृषि एम्बुलेन्स सञ्चालन सम्पर्क प्राविधिक वा सञ्चालक समितिले तोकेको क्षेत्रमा गई सम्बधित कृषक, समूह, सहकारी, संञ्चालक समिति, वडा कार्यालय तथा टोल बिकाश संस्था संग समन्वय गरि कार्य गर्नु पर्ने छ।

(ङ) ढुवानी साधनको मर्मत सभ्भार र दैनिक क्रियाकलापमा भए गरेका फोटो तथा आम्दानी तथा खर्चको विवरण दुरुस्त प्रस्तुत वा पेश गर्ने अन्यथा आर्थिक पार्दशिता अवलम्वन नगरेमा वा आर्थिक वेईमानी वा दुरुपयोग गरेको खण्डमा कर्मचारि नियमावलि अनुसार कारवाहि गरिने छ।

(च) कृषि उपज संवेदनशिल बस्तु भएकाले कार्यालय समय भन्दा अघि पछी वा जुनसुकै समयमा पनि खरिद विक्रिवितरण गर्नु पर्ने छ।

(छ) खटाईएको क्षेत्र भन्दा बाहिर गई कारोवार गर्न पाईने छैन खरिद गरेको कृषि उपज ग्रेडिङ, प्याकेजिङ गरि विक्रिवितरण गर्नुपर्ने छ।

(ज) चालकले अन्य व्याक्तिलाई कैनैपनि वेला ठाउ र परिवेसमा चलाउनदिन मिल्ने छैन।

(झ) नेपाल सरकारले जारि गरेका यातायात सम्वन्धि सम्पुर्ण नियमहरुको आदेश पानला गर्नुपर्ने छ ।

**१२. सेवा कार्यान्वयन**

(१) सम्झौता पश्चात छनौट भएका प्रस्तावकले सम्झौतामा उल्लेखित शर्त तथा मापदण्ड पूरा गरी सेवा सञ्चालन गर्नुपर्नेछ । यदि नगरेमा नगरकार्यपालिकाले सेवा सञ्चालनको लागि भएको सम्झौता जुनसुकै बखतमा पनि खारेज गर्न सक्नेछ ।

(२) सेवा सञ्चालनको अवधि १ वर्षको हुनेछ र प्रत्येक वर्ष नयाँ सम्झौता गर्नुपर्नेछ ।

(३) अनुदान र मापदण्डः छनौट भएको प्रस्तावकको कागजात र सक्रियताको मूल्याङ्कन गरेर नगरपालिकाले सेवा कार्यान्वयन तथा मूल्याङ्कन समितिको निर्णयानुसार कृषि सङ्कलन केन्द्र तथा बजार सञ्चालन वा सञ्चालन कार्यमा आवश्यक पर्ने अन्य कुराहरुमा सहयोग गर्न सक्नेछ ।

## परिच्छेद- ४
## अनुगमन र विविध

**१३. अनुगमन तथा मूल्याङ्कन :**

(१) नगरपालिका स्तरीय अनुगमन समितिले **दफा ७ बमोजिम** गठित समिति र जनप्रतिनिधिहरुको सहयोग तथा समन्वयमा यस कार्यविधि अनुसार संचालित सेवाको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(२) अनुगमन निरीक्षणको प्रतिवेदन मूल्याङ्कन समितिले कम्तीमा ३ महिनाको एकपटक गर्नेछ ।

**१४. बाधा अड्काउ फुकाउ:**

(१) तीन पटक सम्म सूचना प्रकाशन गर्दा पनि कुनैपनिं प्रस्ताव पेश हुन नआएमा यस सेवा नगरपालिकाले अन्य कुनै विधीबाट सञ्चालन गर्न दिन सक्नेछ।

(२) यस कार्यविधिमा जे भनिएतापनि नगरपालिकाद्धारा सञ्चालित हुने अत्यावश्यक कृषि तथा पशु सम्बन्धी कार्यको लागि कृषि विकास शाखाले कृषि एम्बुलेन्सको प्रयोग गर्न सक्नेछ । साथै कृषि एम्बुलेन्सलाई कृषि उत्पादनका सामाग्रि बजार केन्द्रदेखी पालिकाका बिभीन्न कृषि उत्पादन क्षेत्रसम्म पुर्याउन प्रयोग गर्न बाधा हुने छैन ।

(३) यस कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै दुविधा भएमा सो को निरुपण नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

**१५. संशोधन :** यो कार्यविधि नगरकार्यपालिकाबाट आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची -१**

(दफा ४ को उपदफा १ (क) सँग सम्बन्धित)

जैमिनी नगरपालिका

कृषि एम्बुलेन्स सेवा सञ्चालनको प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति ................गते

आ.व. ..मा जैमिनी नगरपालिका नगरकार्यपालिका, कुश्मिसेरा बागलुङको कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्ने कार्यक्रम अन्तर्गत यस नगरपालिका भित्र कृषिजन्य उपजको सहज ढुवानी पुर्याउने उद्देश्यले उक्त सेवा सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कम्पनी/समितिले तपशिलका आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तोकिएको ढाँचा अनुसार प्रस्ताव दर्ता गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै यस विषयमा थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहोला।

**आवश्यक मापदण्ड / कागजातहरु**

(क)सम्बन्धित निकायमा कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कम्पनी/समिति दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

(ख)प्यान / करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि, संस्थागत निर्णयको प्रतिलिपि र वडा कार्यालयको सिफारिश पत्र ।

(ग) आवेदक संस्थाले सो सेवा सञ्चालनको कुल आम्दानीको कम्तीमा २०% हुन आउने रकम मासिक रुपमा छुट्टै बैंकिङ्ग कोष खडा गरी बचत गर्ने प्रतिबद्धता सहितको पत्र ।

पुनश्चः प्रस्ताव स्वीकृत गर्ने/नगर्ने अन्तिम अधिकार नगरकार्यपालिकामा निहित रहनेछ।

**अनुसूची-२**

(दफा (४) को उपदफा (१) (ख) संग सम्बन्धित)

**निवेदनको ढाँचा**

जैमिनी नगरपालिका

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

जैमिनि नगरपालिका, बागलुङ।

विषयः कृषि एम्बुलेन्स सेवा सञ्चालनमा सहभागिता सम्बन्धमा ।

प्रस्तुत विषयमा यस जैमिनी नगरपालिकाबाट मिति ..... मा सहित कृषि एम्बुलेन्स प्रकाशित सार्वजनिक सूचना बमोजिम आवश्यक कागजात हाम्रो..........समूह/सहकारी/कृषि फर्मले. सेवा सञ्चालन गर्न इच्छुक भएकोले सहभागी गराई दिनुहुन यो निवेदन पेश गरेको छौं।

**निवेदक**

नाम थरः……………………..

समूह/सहकारी/कृषि फर्मको नामः ..................

पदः .................

सम्पर्क नः .................

**निवेदन साथ संलग्न कागजातहरु**

- सम्बन्धित निकायमा कृषक समूह / कृषि सहकारी/कृषि फर्म/कम्पनी दर्ता तथा
- नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, प्यान / करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि, संस्थागत निर्णयको प्रतिलिपि,
- वडा कार्यालयको सिफारिश पत्र,

**अनूसुची-३**

(दफा (४) को उपदफा (२) (ख) संग सम्बन्धित)

**सम्झौता पत्र**

मिति ................................. का दिन यस जैमिनि नगरपालिकाको कार्यलय (प्रथम पक्ष भनिने) र ..................... सहकारी/ कृषक समूह (यसपछि दोश्रो पक्ष भनिने) का बिच तपसिलका शर्तहरुको अधिनमा रही **कृषि एम्बुलेन्स सेवा संचालन कार्यक्रम कार्यविधि, २०८२** कार्यक्रम सञ्चालन गर्न यो सम्झौता गरी एक एक प्रति लियौ दियौ।

**तपशिल**

१. नेपाल सरकारले जारी गरेका यातायात सम्बन्धी सम्पूर्ण नियमहरुको अक्षरश पालना गर्नु पर्नेछ।

२. सवारी साधन तथा ढुवानी साधन चलाउन आधिकरिक चालकले मात्र चलाउन पाउने छ र लोडेड वा अनलोडेड साधनलाई अनियन्त्रित गतिमा कुदाउन पाइने छैन ।

३. दोस्रो पक्षले सेवा संचालन गर्दा कुल आम्दानीको कम्तिमा २०% हुन आउने रकम मासिक रुपमा छुट्टै बैंकिङ्ग कोष खडा गरि बचत गर्नु पर्ने र सो को जानकारी प्रथमे पक्षलाई दिनु पर्ने ।

४. कृषि एम्बुलेन्स सेवाले सेवा क्षेत्रको कृषि तथा पशुजन्य उत्पादन सामाग्रीलाई मात्र ढुवानी सेवा उपलब्ध गराउनु पर्ने र डुवानी गर्दा अति सिमान्तकृत वा निम्न आय भएका किसानका कृषि वस्तु ढुवानी गर्न प्रथमिकता दिनुपर्ने छ ।

५. ढुवानी साधनको ब्लू बुक, नविकरण, विमा र सरकारी करहरु नियमितरुपमा तिर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

६. सामाग्री ढुवानी ओसार पसार गर्दाको समयमा सहि दरभाउ कायम गरि विजक जारि गर्नु पर्ने।

७. कृषि एम्बुलेन्समा उत्पादनोपरान्त क्षेति न्युनिकरण गर्न सकिने कृषि तथा पशुजन्य उपतादित सामाग्री मात्र ढुवानी गर्न प्रयोग गर्नुपर्नेछ ।

८. प्रचलित कानुनले ओसारपसार गर्न, ढुवानी निषेध गरिएका वस्तुहरु ओसारपसार गर्न पुर्ण रुपमा निषेध गरिएको छ ।यस्तो गरिएको पाईएको दोश्रो पक्ष पुर्ण रुपमा जिम्मेवार रहनेछ ।

९. ढुवानी साधनको कम्तिमा १० वर्ष अवधिसम्म स्वामित्व हस्तान्तरण गर्न पाइने छैन ।

१०. दोश्रो पक्षले प्रचलित कानुन एंवम सम्झौता शर्त पालन नगरेमा पथम पक्षले जुनसुकै वखत सम्झौता रद्ध गर्न सक्नेछ । दोश्रो पक्षले स्वेच्छाले सम्झौता रद्ध गर्न चाहेमा १ महिना अगाडी लिखित निवेदन दिनुपर्नेछ ।

८. यो सम्झौता भित्र नपरेका अन्य सर्तहरु जैमिनी नगरपालिकाको निर्णय वमोजिम हुनेछ।

| प्रथम पक्षको तर्फबाट | रोहबर | दोश्रो पक्षको तर्फबाट |
|---|---|---|
| ............................... | ........................ | ......................... |
| प्रमुख प्रशासकीय अधिकृत<br>जैमिनी नगरपालिका | कृषि शाखा प्रमुख | अध्यक्ष / प्रमुख |

## अनूसुची-४

(दफा (५) को उपदफा (१) संग सम्बन्धित)

### जैमिनी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय, कुश्मिसेरा, बागलुङ

### कृषि एम्बुलेन्स सेवा

### बुकिङ रसिद

**रसिद नं ..........**

**मिति .............**

**बुकिङ गर्नेको नामः श्री ................................................. सम्पर्क नं .............................**

**ढुवानि गरिने कृषि उपज सामाग्रि ..........................................................................**

**बुकिङ गरिएको दुरिः ................................... देखी .............................................. सम्म**

**एम्बुलेन्स प्रयोग गरेवापत लाग्ने भाडा रु ....................... अक्षेरुपि रु ................................।**

**..................................**

**रासिद जारि गर्नेको हस्ताक्षरः**

## अनूसुची-६

(दफा (५) को उपदफा (६) र दफा (६) को उपदफा (३) संग सम्बन्धित)

## जैमिनी नगरपालिका

## भाडादर निर्धारण

**१. दुरीको आधारमा**

| क्र स | देखी | सम्म | जम्मा किलोमिटर | प्रति किलोमिटर रु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

२. तौलको आधारमा

| क्र स | देखी | सम्म | जम्मा तौल | प्रति के जि रु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

३. संख्याको आधारमा

| क्र स | देखी | सम्म | जम्मा संख्या | प्रति संख्या रु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

४ बजार दररेटको आधारमा रिजर्भ

| क्र स | देखी | सम्म | रु. | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**प्रस्तावित भाडादरः**

| क्र स | देखि | सम्म | कायम गर्न प्रस्तावित गरिएको दर | कैफियत |
|---|---|---|---|---|
| १ | वडा न १ को टुनिबोट | कुश्मीसेरा | ३०० | थप गरिएको |
| | वडा न १ को ओडार, फेदी | कुश्मीसेरा | ५०० | |
| २ | वडा न २ को बनहु, सुन्तलाचौर | कुश्मीसेरा | १९०० | स्वास्थ्यको दर अनुसार |
| | वडा न २ को चैराक | कुश्मीसेरा | ८०० | थप गरिएको |
| ३ | वडा न ३ को वडा कार्यालय, नोला, गाँजा दह | कुश्मीसेरा | ३५०० | स्वास्थ्यको दर अनुसार |
| | वडा न ३ को देउरालीखानी | कुश्मीसेरा | ४००० | थप गरिएको |
| ४ | वडा न ४ सर्कुवा | कुश्मीसेरा | १५०० | स्वास्थ्यको दर अनुसार |
| ५ | वडा न ५ बिनामारे | कुश्मीसेरा | १५०० | स्वास्थ्यको दर अनुसार |
| ६ | वडा न ६ अर्जेवा | कुश्मीसेरा | १९०० | स्वास्थ्यको दर अनुसार |
| ७ | वडा न ७ को वडा कार्यालय, जैदी, बोर | कुश्मीसेरा | ३५०० | स्वास्थ्यको दर अनुसार |
| | वडा न ७ को बाँओ, धुल्लु | कुश्मीसेरा | ३८०० | स्वास्थ्यको दर अनुसार |
| ८ | वडा न ८ को वडा कार्यालय, ढाव, फुर्केसल्लाह, केबै | कुश्मीसेरा | ४६०० | स्वास्थ्यको दर अनुसार |
| | वडा न ८ को रिठावट, वोईनकुना, धुस | कुश्मीसेरा | ४००० | थप गरिएको |
| ९ | वडा न ९ को वडा कार्यालय | कुश्मीसेरा | १५०० | स्वास्थ्यको दर अनुसार |
| | वडा न ९ को वडा सहराते बिजुवा खोल्टे | कुश्मीसेरा | २००० | थप गरिएको |
| १० | वडा न १० को देउराली, पाही | कुश्मीसेरा | १३०० | स्वास्थ्यको दर अनुसार |
| | वडा न १० को वडा कार्यालय, किटेनी | कुश्मीसेरा | २५०० | स्वास्थ्यको दर अनुसार |
| ११ | बागलुङ | कुश्मीसेरा | ३००० | स्वास्थ्यको दर अनुसार |

| | | | | |
|---|---|---|---|---|
| १२ | पर्वत | कुश्मीसेरा | ३५०० | स्वास्थ्यको दर अनुसार |
| १३ | पोखरा | कुश्मीसेरा | ७५०० | स्वास्थ्यको दर अनुसार |
| १४ | काठमान्डौ | कुश्मीसेरा | २०००० | स्वास्थ्यको दर अनुसार |
| १५ | चितवन | कुश्मीसेरा | १६००० | स्वास्थ्यको दर अनुसार |
| १६ | बुटवल | कुश्मिसेरा | १२००० | स्वास्थ्यको दर अनुसार |